# युवा प्रतिभाको खोजी तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१

(स्वीकृत मिति २०७१।०३।१०)

**प्रस्तावना :-**

राष्ट्रिय युवा नीति, २०६६ ले परिकल्पना गरे वमोजिम युवाको सर्वाङ्गीण विकासका लागि युवाहरु स्वयम्ले देशको आर्थिक, सामाजिक, एवम् साँस्कृतिक क्षेत्रमा उल्लेखनीय कार्य गरी ख्याति प्राप्त गरेका र गर्न क्षमता भएका उदयीमान युवा प्रतिभाहरुको खोजी गरी उनीहरुको प्रतिभालाई प्रोत्साहन गरी सघाउ पुऱ्याउने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "युवा प्रतिभाको खोजी तथा प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "युवा प्रतिभा" भन्नाले यसै कार्यविधिको नियम ३ मा उल्लेखित क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका १६ वर्ष देखि ४० वर्ष उमेर समूहका युवा, युवा समूहहरुको प्रतिभालाई सम्झनुपर्दछ ।

ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनुपर्दछ ।

ग) "खोजी" भन्नाले यस कार्यविधिको नियम ३ मा उल्लेखित क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका युवा प्रतिभाहरुका सम्बन्धमा जानकारी लिनका लागि गरिने कार्यलाई सम्झनुपर्दछ ।

घ) "प्रोत्साहन" भन्नाले युवाहरुस्वयंम्ले गरेको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप, अनुभव, क्षमता र दक्षतालाई थप हौसला प्रदान गर्नका लागि गरिने कार्यलाई सम्झनुपर्दछ ।

ङ) "युवा समूह भन्नाले" नियम ३ मा उल्लेखित क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका वा पुऱ्याउने गरी कार्यरत युवाहरुको समूहलाई सम्झनुपर्दछ ।

**३. युवा प्रतिभा प्रोत्साहनको क्षेत्र र छनौटका आधार :**

मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरुमा महत्वपूर्ण वा उत्कृष्ट कार्य गरेका वा उत्कृष्ट कार्य गर्न क्षमता प्रदर्शन गरेका युवा, युवा समूहलाई छनौट गरी प्रोत्साहन गर्नेछ ।

क) रोजगारी (उद्योग/उद्यमशीलता/व्यवसाय/रोजगारमुलक तालिम)

ख) कृषि, जडिबुटी खेती, बृक्षारोपण, बनजंगल र वातावरण संरक्षण

ग) विज्ञान प्रविधि, सूचना तथा सञ्चार एवं अध्ययन, अनुसन्धान तथा नयाँ औजार, यन्त्र, उपकरणको निर्माण, खोज, सुधार, आविष्कार

घ) पर्यटन प्रवर्द्धन

ङ) सामाजिक सेवा

च) साहित्य, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन

छ) खेलकुद तथा साहसिक कार्य

ज) अन्तर्राष्ट्रिय जगतमा नेपाललाई चिनाउन गरेका उल्लेखनीय एवम् किर्तीमानी कार्य

झ) युवा क्षमता विकास, सशक्तीकरण, युवा परिचालन र नेतृत्व विकासको क्षेत्रमा गरेको उल्लेख्य योगदान

ञ) परम्परागत प्रविधिको संरक्षण र विकास

**४. छनौटका आधार :**

युवा, युवा समूहको प्रतिभालाई प्रोत्साहन गर्ने छनौटका आधारहरु देहाय वमोजिम हुनेछ :

१) युवा प्रतिभा प्रोत्साहनमा सहभागी हुने वा प्रोत्साहित गर्ने युवा १६-४० वर्ष उमेर भित्रको नेपाली नागरिक हुनुपर्नेछ ।

२) युवा वा युवा समूहले युवाको हकहितको संरक्षण र सम्बर्द्धन तथा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको हुनुपर्नेछ ।

३) खण्ड (२) वमोजिमको योगदान स्पष्ट देखिने र महसुस गर्न सकिने हुनुपर्ने र त्यस्तो योगदानबाट युवामा उत्साह र हौसला जागेको, समाजमा सकारात्मक प्रभाव परेको तथा अन्य व्यक्ति निकायले पनि त्यस्तो कार्यको अनुकरण गरेको अनुकरणयोग्य कार्य हुनपर्नेछ ।

४) युवा, युवा समूहले गरेको योगदान मौलिक र गुणात्मक हुनपर्ने ।

५) नविन सिर्जना भए सो मा गरिएको लगानी र लगानीका स्रोत खुलेको हुनुपर्ने ।

६) कम्तिमा २ वर्ष भन्दा बढी देखि सो क्षेत्रमा क्रियाशिल भएको हुनुपर्ने ।

७) स्थानीय स्रोत साधन प्रयोग गरी स्वरोजगारी श्रृजनामा योगदान पुऱ्याएको हुनुपर्ने ।

**५. छनौट प्रक्रियाः**

१) युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यका लागि त्यस्ता युवाहरुको विवरण संकलन कार्य उपयुक्त विभिन्न तौर तरीका तथा माध्यमबाट गरिनेछ ।

२) विवरण संकलन गर्न सार्वजनिकरुपमा सूचना प्रकाशन गरिनेछ साथै विभिन्न सञ्चार माध्यमबाट प्रकाशन भएका विवरणलाई समेत समावेश गर्न सक्नेछ ।

३) सूचना प्रकाशन गरिएकोमा प्रकाशित सूचना वमोजिम म्यादभित्र प्राप्त भएका विवरण र अन्य क्षेत्रसंग सम्बन्धित विवरणका हकमा मन्त्रालय आंफैले उक्त सूचनालाई समावेश गर्न सक्नेछ ।

४) सरोकारवाला बाहेक कुनै युवा, युवा समूहले युवाको क्षेत्रमा उत्कृष्ट काम गरेको वा सो क्षेत्रमा सिर्जनशील, उद्यमशीलता, रोजगारी, अविष्कार, अन्वेषण, अनुसन्धान गरी तथा अन्य कसैले गरेको आविष्कार र अनुसन्धानबाट प्राप्त ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी समाज र राष्ट्र विकासमा अनुकरणीय योगदान दिएका सक्षम युवा, युवा समूहलाई युवा प्रोत्साहनको लागि सम्बन्धित निकायले सिफारिश गर्न सक्नेछ । निवेदक युवाले त्यस्तो सिफारिश पेश गर्न सक्नेछ ।

५) यस कार्यविधिले समेट्न नसकेको विषयमा युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यको छनौट गर्दा समितिले अन्य उपयुक्त प्रकृया समेत अपनाउन सक्नेछ ।

६) छनौटका लागि गठन भएको समितिले छनौट सम्बन्धी कार्य गर्नेछ ।

७) देशको १४ अञ्चल र ७५ जिल्लाबाट विवरण प्राप्त गर्ने पद्दती अपनाई विवरण संकलन गर्नुपर्नेछ ।

**६. युवा प्रतिभा प्रोत्साहन छनौट समितिमा विवरण पठाउने :**

यस कार्यविधिको नियम ५ बमोजिम प्राप्त निवदेन, सुझाव, विवरण, सिफारिश लगायतका संकलित विवरण नियम ७ बमोजिम गठित समितिमा पठाउनेछ ।

**७. युवा प्रतिभा प्रोत्साहन छनौट समितिको गठन :**

१) नियम ६ बमोजिम प्राप्त निवेदन, सुझाव, विवरण, सिफारिश आदि सम्बन्धी प्राप्त विवरण जाँचबुझ गरी युवा प्रतिभाको खोजी र प्रोत्साहन गर्ने सम्बन्धमा मन्त्रालय समक्ष सिफारिश गर्न देहाय बमोजिमको एक छनौट समिति रहनेछ ।

| | |
|---|---|
| क) मन्त्रालयको सचिव | संयोजक |
| ख) युवा तथा प्रशासन महाशाखाका सह-सचिव | सदस्य |
| ग) नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि | सदस्य |
| घ) युवाका क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको १ जना युवा प्रतिनिधि | सदस्य |
| घ) मन्त्रालयको तथ्याङ्क तथा सूचना शाखाको प्रमुख | सदस्य सचिव |

२) छनौट समितिमा बिधागत विशेषज्ञलाई आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ ।

३) छनौट समितिले युवा प्रतिभाको खोजी र प्रोत्साहन गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कार्यविधि आफै व्यवस्थित गर्नेछ । साथै छनौट समितिको बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गर्नेछ ।

**८. युवा प्रतिभाको खोजी र प्रोत्साहन :**

मन्त्रालयले नियम ७ बमोजिमको छनौट समितिले सिफारिश गरेका युवा, युवा समूहलाई प्रत्येक वर्ष युवा प्रोत्साहन स्वरुप आर्थिक सहयोग प्रदान गर्नेछ ।

**९. युवा प्रतिभाको खोजी र प्रोत्साहन :**

प्रत्येक युवा, युवा समूहलाई उनीहरुको प्रतिभाको कदर गर्दै प्रोत्साहन स्वरुप रु ५०,००० ।- (पचास हजार) उपलब्ध गराइनेछ ।